॥श्री॥

# धनकुटा जिल्ला अदालत

स्रेस्तेदार:-०२६५२२११२८
Email: info.dcdhankuta@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या:-०८१/०८२
चलानी नं.:- ०८१-२५-०००१८८

मिति - २०८१/०५/०५

विषय :- नियुक्ति।

श्री रामबहादुर अधिकारी,
अधिवक्ता (प्र.प.नं. ११५४१),
धनकुटा।

यस अदालतको मिति २०८०/०५/०२ को निर्णयानुसार यस अदालतको वैतनिक कानून व्यवसायी पदमा मिति २०८१/०५/०५ गतेबाट लागू हुने गरी अर्को आदेश वा व्यवस्था नभएसम्म बढीमा १ (एक) वर्षका लागि यहाँलाई वैतनिक कानून व्यवसायीको पदमा नियुक्ति गरिएको छ। यहाँको काम कर्तव्य, पारिश्रमिक र सुविधा देहाय बमोजिम हुनेछ।

**काम कर्तव्य :-** जिल्ला अदालत नियमावली, २०७५ को नियम १०२ समेतको आधारमा यस अदालतमा पर्न आएका कुनै पनि मुद्दा, उजुरी, निवेदन तथा प्रतिवेदनहरूमा अदालतबाट तोकिएका असमर्थ पक्षहरूको तर्फबाट वहस पैरवी गर्ने, कानूनी लिखत तयार गर्ने, परामर्श दिने, मिलापत्रको दरखास्त लेख्ने, मुद्दाका पक्षहरूलाई निःशुल्क रूपमा उपलब्ध हुने निवेदनका ढाँचाहरू (Templates) भर्ने, कारागार भ्रमण गरी कैद र हिरासतमा रहेका मानिसहरूलाई आवश्यक कानूनी सल्लाह दिने तथा सम्पादित कार्य प्रगतिको मासिक रूपमा महिना भुक्तान भएको ७ दिन भित्र प्रतिवेदन पेश गर्ने लगायतका कार्यहरू गर्ने।

साथै मुद्दाको सिलसिलमा आफूले प्राप्त गरेका कागजातहरूको प्रतिलिपि आफ्नो पदावधि समाप्त भएपछि अनिवार्य रूपले सम्बन्धित शाखामा बुझाउनु हुन समेतका लागि अनुरोध गरिन्छ।

**पारीश्रमिक :-** नियमानुसार।

(उज्वल न्यौपाने)
स्रेस्तेदार (उप-सचिव)

**बोधार्थ**

श्री सर्वोच्च अदालत, आन्तरिक तथा जिल्ला प्रशासन शाखा।
श्री उच्च अदालत विराटनगर।
श्री उच्च अदालत विराटनगर, धनकुटा इजलास।
श्री उच्च अदालत बार एकाई, धनकुटा।
श्री जिल्ला अदालत बार एकाई, धनकुटा।
श्री जिल्ला अदालत धनकुटा, लेखा शाखा।
अधिवक्ता श्री सुमित्रा राई– आफ्नो जिम्मामा रहेका वैतनिक सेवा सम्बन्धीको विवरण नवनियुक्त वैतनिक कानून व्यवसायीलाई वरबुजारथ गरिदिनु हुन।